{ शैलुन कक्षको स्टिलको सोकसभित्र थन्किएको श्रीपेचलगायत राजपरिवारका सामग्री राख्न प्राविधिक कारण देखाउँदै उक्त सोकेसमा हालसम्म श्रीपेच राख्न सकिएको थिएन।

# नेपाल




नेपाल विद्यार्थी संघको आयोजनामा पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिको विरुद्धमा काठमाडौंको नेपाल आयल निगमको कार्यालय बबरमहलमा घेराउ गरिएको छ। *तस्वीर : उजोल डंगोल/नेस*

## बस्नेत कारागार चलान

भक्तपुर, (नेस)

गैरकानुनीरुपमा मिर्गौला प्रत्यारोपण गर्ने अभियोगमा पक्राउ परेका १ व्यक्तिलाई शुक्रबार भक्तपुर जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाएको छ। गत वैशाख १० गते भक्तपुरस्थित सहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रमा मोरङ कानेपोखरी गाउँपालिका वडा नं. १ स्थायी घर भई हाल भक्तपुर नगरपालिका १ मा डेरा गरी बस्ने वर्ष ५१ को थर्कबहादुर बस्नेतलाई थुनामा पठाएको हो।

भक्तपुर जिल्ला अदालतका न्यायाधीश श्रीकृष्ण भट्टराईको एकल ईजलासले बस्नेतलाई मुलुकी ऐन अदालती बन्दोबस्त ११८ को देहाय (२) अनुसार कानुनबमोजिक सिधा खान पाउने गरी थुनामा राख्न पठाइदिनु भनी मुलुकी ऐन अ.ब.१२४ नं बमोजिम कारागार चलानको आदेश दिएको ईजलास अधिकृत कमल महतले जानकारी दिनुभयो।

त्यसै गरी मिर्गौला झिकिएका व्यक्ति काभ्रेपलाञ्चोक साविक टुकुचा गाविस वडा नं ९ घर भई हाल बनेपा नपा-२ बस्ने २९ वर्षीय कुमार गिरीलाई भने साधारण तारेखमा छाड्ने आदेश भएको छ। बस्नेतले गिरीलाई आफ्नै छोरा बनाउँछु भन्दै फकाउँदै, किर्ते कागजात तयार पारी गिरीको मिर्गौला झिकेर प्रत्यारोपण गरेको अभियोगमा बस्नेत पक्राउ परेका हुन्। किर्ते कागज बनाउँनेमा संलग्न रहेको अभियोगमा पक्राउ परेका पीडित गिरीलाई भने तारेखमा छाडिएको र बस्नेतलाई भने डिल्लीबजार कारागार चलान गरिएको छ। अन्य आरोपीको भने खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

## ट्रिपरको ठक्करले स्कुटर चालकको मृत्यु

भक्तपुर, (नेस)

शुक्रबार एकाबिहानै मध्यपुर थिमि नगरपालिका सानोठिमी क्याम्पसअगाडि बिहान ५:३० बजे ट्रिपरले ठक्कर दिँदा स्कुटर चालकको मृत्यु भएको छ।

पेप्सिकोलाबाट सानोठिमीतर्फ आइरहेको बा६६प ८५५३ नम्बरको स्कुटरलाई सोही दिशाबाट आइरहेको बा२क ३९३४ नम्बरको ट्रिपरले ठक्कर दिँदा स्कुटर चालक सिन्धुपाल्चोक चेलाङ घर भई हाल मध्यपुर थिमी नगरपालिका-६ बस्दै आएका ४८ वर्षीय चेतबहादुर थापाको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

घटनास्थलबाट फरार ट्रिपरलाई प्रहरीले जगातीबाट नियन्त्रणमा लिएको र ट्रिपर चालक ललितपुर बस्ने ३० वर्षीय राजन खड्गीलाई नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाएको प्रहरीले जनाएको छ।

# श्रीपेच प्रदर्शनीमा राख्न सुझाव

ईश्वरराज ढकाल, काठमाडौं

असोज महिनाभित्र श्रीपेच प्रदर्शनीमा राख्ने सुझावसहित प्रतिवेदन बुझाइएको छ। संस्कृति मन्त्रालयद्वारा गठित समितिले हिजो सचिव कृष्णप्रसाद देवकोटासमक्ष प्रतिवेदन बुझाएको हो।

प्रतिवेदनमा श्रीपेच प्रदर्शनमा राख्न बजेट माग गरिएको छ। समितिका संयोजक एवं पुरातत्व विभागका महानिर्देशक भेषनारायण दाहालले डिभाइससहितका अन्य यन्त्र राख्न करिब ४४ लाख रुपियाँ माग गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'अबको ३ महिनाभित्र श्रीपेच प्रदर्शनीमा राख्न करारमा केही कर्मचारी माग गरेका छौं, डिभाइस खरिद गर्न रकम माग गरेका हौं।'

सो समितिले प्रतिवेदन बुझाएलगत्तै करिब ४ वर्षदेखि सैलुन कक्षमा राखिएको श्रीपेच खोलेर हेर्ने, सुरक्षाको व्यवस्था गर्ने नेपाली सेनासँग छलफल गर्नेछ। २०७१ सालमा श्रीपेचको अवस्थाबारे जानकारी लिइएको थियो। हाल श्रीपेच सेनाको कडा सुरक्षा घेराभित्र स्टिलको दराजभित्र राखिएको छ। करिब ३ साताअघि महानिर्देशक दाहालको संयोजकत्वमा जगमान गुरुङ, डा. मदनकुमार रिमाल, संस्कृति मन्त्रालयका उपसचिव दुर्गा भुर्तेल र नारायणहिटी संग्रहालय प्रमुख रोहितकुमार ढुंगाना सदस्य सचिव रहने गरी समिति गठन गरिएको थियो।

समितिका सदस्य सचिव ढुंगानाले प्रतिवेदनमा श्रीपेच प्रदर्शनीमा राख्न आर्थिक र प्राविधिक पक्षको बारेमा विवरण तयार गरिएको जानकारी दिनुभयो। उहाँले सुर्खेत र रुपन्देही कक्षमा श्रीपेच, राजदण्डलगायत अति महत्त्वपूर्ण सामग्री राख्न सोकेस तयार गरिसकेको अवस्थामा केही प्राविधिक कारणले राख्न नसकिएको जानकारी दिनुभयो। पूर्वराजा ज्ञानेन्द्रले ०६५ साल जेठ २९ गते नारायणहिटी छाडेपछि श्रीपेचलगायत महत्त्वपूर्ण सामग्री कडा सुरक्षा घेराभित्र राखिएको थियो। ज्ञानेन्द्रले नारायणहिटी दरबार छाड्नुअघि हाम्रा पिता पुर्खाको वीरासतको रुपमा रहेको श्रीपेचलाई सदाका लागि जोगाएर राख्न देशवासीका नाममा अनुरोध गर्नुभएको थियो। तर नारायणहिटी दरबार छाडेको १ दशक बितिसक्दा पनि सरकारले श्रीपेच प्रदर्शनीमा राख्न सकेको थिएन। २०६८ सालमा करिब १ करोड ५० लाख रुपियाँको लागतमा संग्रहालयले सुर्खेत र रुपन्देही कक्षमा



श्रीपेचसहितको सामग्री राख्न २ वटा बुलेटप्रुफ सोकेस बनाएको थियो। शैलुन कक्षको स्टिलको सोकसभित्र थन्किएको श्रीपेचलगायत राजपरिवारका सामग्री राख्न प्राविधिक कारण देखाउँदै उक्त सोकेसमा हालसम्म श्रीपेच राख्न सकिएको थिएन।

सोकेस तयार भएलगत्तै नेपाली सेनाले बुलेटप्रुफ सिसा परीक्षणसमेत गरिसकेको अवस्थामा सुरक्षाको कारण देखाउँदै श्रीपेच देखाउन नसकिनु सरकारकै कमजोरी हो। संग्रहालयले श्रीपेचसहित राजदण्ड, २ वटा मेस, ढाल, तरबार, रानीले लगाउने मुकुट(टायरा), एउटा झारी र २ वटा चमर राख्नको लागि सोकेस तयारी गरेको थियो।

'अब पक्कापक्कीरुपमै श्रीपेच प्रदर्शनीमा राखिने छ' -संयोजक दाहालले भन्नुभयो। १ महिनाअघि संस्कृतिमन्त्री रविन्द्र अधिकारी, सचिव देवकोटा, विभागमा महानिर्देशक दाहालसहित विज्ञ टोलीले नारायणहिटी दरबारमा राखिएको श्रीपेच राख्ने स्थानको अवलोकन गरी तत्काल श्रीपेच राख्न निर्देशन दिएको थियो।

यसै दिन संग्रहालयको गुरुयोजना तयार गर्न र श्रीपेच प्रदर्शनीमा राख्न समिति गठन गरिएको थियो। ल्याटिन अमेरिकाको एक दुर्लभ चराको प्वाँखको कल्कीबाट बनेको श्रीपेच सुन, चाँदी, हिरा, मोती, पन्ना जडित दुर्लभ र बहुमूल्य छ। सरकारले राजपरिवारको सम्पत्तिलाई संरक्षण गरी विशाल संग्रहालय बनाउने परिकल्पनासहित तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०६५ असार २ गते नारायणहिटी संग्रहालय बनाउने घोषणा गर्नुभएको थियो। त्यसलगत्तै फागुन १५ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संग्रहालयको उद्घाटन गर्नुभएको थियो।

२०६५ फागुन १६ गते सर्वसाधारणका लगि खुला गरिएको नारायणहिटी संग्रहालयमा रहेको श्रीपेच शिलबन्दी गरी राखिएको थियो। रक्षा सचिव बामनप्रसाद न्यौपाने, तत्कालीन गृह सचिव उमेश मैनाली, सामान्य प्रशासन सचिव गोविन्द कुसुम, तत्कालीन दरबारका सम्पत्ति कोष विभाग प्रमुख एवं राजप्रसाद सेवाका सचिव प्रदीपकुमार अर्याल र पूर्वराजाका पुरोहित शेखर ढुंगाना, सहायकरथी श्यामबहादुर थापा तथा संग्रहालयका शाखा अधिकृत भुवनबहादुर कार्कीको उपस्थितिमा मुचुल्का उठाई श्रीपेच सोकसमा थन्क्याइएको थियो। श्रीपेच राखिएको सेफभित्र १३ वटा शिल लगाइएको छ। नेपाली सेनाको २४ घन्टे सुरक्षा घेराभित्र राखिएको कोठाको मूल ढोकामा गृहमन्त्रालय लेखिएको १० वटा शिल छ।




बर्दियामा ११ वर्षीया कमलरी अस्मिता चौधरीको हत्या विरोधमा काठमाडौंमा प्रदर्शन गरिएको छ। विरोधस्वरुप शुक्रबार बिहान ७ बजे भृकुटीमण्डपस्थित ल क्याम्पस अगाडि प्रदर्शन गरिएको थियो। *तस्वीर : अनिल आङदेम्बे/नेस*

## सुशासन, विकास र समृद्धिको दिशातर्फ सरकार

भक्तपुर, (नेस)

सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले सरकार सुशासन, विकास र समृद्धिको दिशातर्फ अघि बढिरहेको बताउनुभएको छ। भक्तपुरमा सूर्यविनायक नगरपालिकाको तेस्रो नगरसभालाई शुक्रबार सम्बोधन गर्दै मन्त्री बाँस्कोटाले स्थानीय तहका जनप्रतिनिधिले चुनावमा जारी गरिएका घोषणापत्रमा उल्लेख गरिएका कुरा कार्यान्वयन गर्दै जानुपर्नेमा जोड दिनुभयो।

स्थानीय तहका जनप्रतिनिधि विकासका संवाहक भएकाले समस्या मात्र देखाएर पन्छिन नहुने सञ्चार तथा सूचना प्रविधिमन्त्री बाँस्कोटाले बताउनुभयो। जनप्रतिनिधिप्रति आम नागरिकको ठूलो आशा र भरासा रहेको भन्दै उहाँले नागरिकका अपेक्षा पूरा गर्न सबै सक्रिय हुनुपर्ने स्पष्ट गर्नुभयो। उहाँले प्रधानमन्त्री केपी शर्मा ओलीको चिन भ्रमणबाट ऐतिहासिक उपलब्धि हासिल भएको दाबी गर्दै उक्त उपलब्धि अब व्यवहारमा कार्यान्वन हुँदै जाने बताउनुभयो। छिमेकी देशले गरेको विकासको समृद्धिको बास्ना मात्र सुँघेर नेपाल समृद्धि हुन नसक्ने भन्दै मन्त्री बाँस्कोटाले त्यसका लागि नेपाल आफैंले प्रगति गर्नुपर्नेमा जोड दिनुभयो।

संघीय संसदका सदस्य महेश बस्नेतले नगरपालिकाले बनाएका नीति र योजना कार्यान्वयन हुँदा मात्र विकासको गतिले तीव्रता हासिल गर्ने बताउनुभयो। कार्यक्रममा नगरपालिकाका प्रमुख वासुदेव थापाले नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो।

## सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, समस्या समाधान, पठनपाठनमा सफलता।
**वृष** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता प्राप्ति।
**मिथुन** : कार्यसिद्धि, सन्तान-सुख, धन-सम्पत्ति प्राप्ति, लाभ।
**कर्कट** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, तनाव।
**सिंह** : द्रव्य लाभ हुनेछ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**कन्या** : धनलाभ, मन स्थिर, सुख-सन्तोष, उपलब्धिमूलक खर्च हुनेछ।
**तुला** : धन प्राप्ति, उपहार, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**वृश्चिक** : अस्वस्थता, इष्टमित्रसँग विवाद, दुर्घटनाको सम्भावना छ।
**धनु** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**मकर** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, जोश-जाँगर बढ्ने।
**कुम्भ** : राज्य-सुख, व्यापारिक सफलता, यश-ऐश्वर्य वृद्धि।
**मीन** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुनेछ।